नेपाल वायुसेवा

# आकाश भैरव
# AAKASH BHAIRAB
*In-House Journal*

Vol. 45, No. 1 Shrawan-Bhadra (2082) August-September (2025)

## नेपाल वायुसेवा निगम ITCTA 2025 अवार्डद्वारा सम्मानित

भारतको नयाँ दिल्लीमा आयोजित 10th International Tourism Conclave & Travel Awards (ITCTA) 2025 का अवसरमा निगम Best Airlines on Nepal Route जस्तो प्रतिष्ठित अवार्डद्वारा सम्मानित भएको छ । नयाँ दिल्लीस्थित होटल ले मेरिडियनमा भव्य समारोहका बिच मिति २०२५ जुलाई २६ का दिन ICM Group का अध्यक्ष तथा प्रबन्ध निर्देशक श्री अजय गुप्ता र भारत सरकारका प्रतिनिधि श्री नासिर असलम वानीद्वारा संयुक्त रूपमा निगमलाई उक्त सम्मान प्रदान गरिएको थियो ।

प्रत्येक वर्ष पर्यटन तथा उड्डयन क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने प्रतिष्ठित संस्थाहरू मध्येबाट छनौट गरी अन्तर्राष्ट्रिय स्तरमा सम्मान प्रदान गर्ने उद्देश्यले आयोजना हुने ITCTA अवार्ड समारोहको यस संस्करणमा भारत सरकारका वरिष्ठ अधिकारीहरू, भारतीय पर्यटन बोर्डका प्रतिनिधिहरू, अग्रणी टुर अपरेटरहरू, भारतीय तथा अन्तर्राष्ट्रिय उड्डयन क्षेत्रका प्रमुख व्यवसायीहरू लगायत सम्बन्धित विज्ञहरूको सक्रिय तथा गरिमामय उपस्थिति रहेको थियो । उक्त समारोहमा निगमका तर्फबाट दिल्लीस्थित कार्यालयका प्रतिनिधिहरू कमल ज्ञवाली, रमन निरौला र भानुभक्त कटुवालले निगमलाई प्रदान गरिएको सम्मान ग्रहण गरेका थिए ।



## Magnetic Particle Inspection विधा (NDT-Type) संचालनमा

नेपाल वायुसेवा निगमले आफ्नो जहाजहरूको मर्मत सम्भार सेवालाई विस्तार गर्ने योजना अनुरूप निगमको इन्जिनियरिङ् मेन्टिनेन्स विभाग अन्तर्गत रहेको मर्मतशाला (Workshop) मा नेपाल नागरिक उडड्यन प्राधिकरणको अनुमति अनुसार Non-Destructive Test (NDT) को एक विधा (Type) Magnetic Particle Inspection (MPI) निगमको कार्यक्षेत्र (Scope) थप भई भर्खरै संचालनमा ल्याइएको छ । मिति २०८२/०५/०५ गते निगमका कार्यकारी अध्यक्षले उक्त सेवाको शुरुवात भएको जानकारी गराउँदै यो काम निगमको आयआर्जनको श्रोत मध्ये एक भएको कुरा उल्लेख गर्नुभएको छ । यो कार्यक्षेत्र (Scope) थप हुँदा निगमले उक्त कार्य बाह्य वायुसेवा कम्पनीमा गराउँदा लाग्ने गरेको खर्च बचत हुनुका साथै अन्य वायुसेवा कम्पनीहरूलाई समेत उक्त सेवा प्रदान गर्दा वायुसेवा कम्पनीहरूले सेवा प्राप्त गरी निगमको थप आय आर्जन भई लाभान्वित हुने विश्वास लिएको छ । यो नयाँ कार्यक्षेत्रको थपसँगै निगमको बेडामा रहेका जहाजहरूको Wheel तथा Brake Unit हरूको गर्नुपर्ने एनडिटीका तीन विधा Eddy Current Inspection (ECI), Fluorescent Penetrant Inspection (FPI) र Magnetic Particle Inspection (MPI) सम्बन्धी सम्पूर्ण कार्यहरूमा निगमको मर्मतशाला आत्मनिर्भर बनेको छ ।

# सम्पादकीय

नवयुवाहरूले गरेको आन्दोलनका कारण देशमा नयाँ सरकारको स्थापनासहित परिवर्तन भएपश्चात् देशमा निर्वाचनको घोषणा भएको छ । परिवर्तन तथा युवा नेतृत्वको मागसँगै २०८२ सालको बडादशैं दीपावली तथा छठ पर्वले नेपालीका घर आँगनमा पाइला टेक्न थालेका छन् । चाडपर्वले पारिवारिक मिलन र भाइचाराको सम्बन्ध मजबुत गर्दै देश समृद्ध र समुन्नतिको दिशामा अगाडि बढ्ने आशा आम समुदायको रहेको छ । अध्ययन, रोजगारी र रोजीरोटीका लागि आफ्नो गाउँघर र देश छोडेर परदेशिएका नेपाली दाजुभाई दिदीबहिनीलाई देशमा फर्कने यात्राका लागि निगमले विभिन्न गन्तव्यबाट सेवा दिन पाउँदा हामी हर्षित भएका छौं । विषम परिस्थितिले ल्याएको परिवर्तनको सम्वाहकलाई आत्मसात् गर्दै राज्यको दायित्व निर्वाह गर्ने एउटा सारथिका रूपमा निगमले आफ्ना सीमित साधन र स्रोतको उच्चतम् परिचालन गर्दै राष्ट्रिय ध्वजा फहराएर आफ्नो कर्तव्य र जिम्मेवारी वहन अझ अटल रूपमा निर्वाह गर्ने प्रण गर्दछौं । देशलाई जब अफ्ठ्यारो पर्छ तब निगमले आफ्नो काँध अझ बलियो र गर्विलो बनाई सेवा थप मजबुत बनाएको इतिहास साक्षी छ ।

नेपालको विकासमा टेवा पुऱ्याउने पहिचान गरिएको सीमित सम्भाव्य क्षेत्रमध्ये पर्यटन एक हो । हालैको परिस्थितिले पर्यटन क्षेत्रलाई पनि गम्भीर असर पुऱ्याएको छ । देशमा उत्पन्न परिवर्तित अवसरले नेपाल भ्रमणमा आउन इच्छुक आगन्तुक पर्यटकलाई भ्रमणका विषयमा सोच्न बाध्य बनाएको प्रमाण पर्यटन क्षेत्रमा धमाधम भइरहेको बुकिङ्ग र रिजर्भेसन रद्धबाट अवगत गर्न सकिन्छ । यस्तो अवस्थामा राज्य, पर्यटन क्षेत्र, नागरिक उड्डयन सम्बद्ध पक्ष, आमसञ्चार तथा समस्त नेपाली नागरिकले नेपाल एक सुरक्षित गन्तव्य रहेको सन्देश विश्वसामु तत्काल सम्प्रेषण गर्नु आवश्यक र सबैको कर्तव्य रहेको बुझ्न जरूरी छ । आन्दोलनका क्रममा समेत विदेशी पाहुना तथा पर्यटकलाई नेपालले गन्तव्यमा सुरक्षित पुऱ्याउन गरेको सद्भाव, सहयोग तथा सम्पूर्ण पर्यटक सुरक्षित रहेको सकारात्मक सन्देश प्रवाह हुन आवश्यक छ ।

हरेक कालो बादलमा चाँदीको घेरा रहेजस्तै नेपाल फेरि उठ्ने र एक समृद्ध राष्ट्रका रूपमा अगाडि बढ्ने आशासहित यो पर्यटकीय मौसममा पर्यटकलाई स्वागत गर्ने राष्ट्रिय ध्वजावाहक अग्रपङ्क्तिमा रहेको अवगत गराउँदछौं । सीमित जहाजका बाबजुद निगमले आफ्ना पखेँटालाई अझ फैलाउँदै लैजाने क्रमको निरन्तरतास्वरूप यही सेप्टेम्बर २५ देखि छिमेकी मित्रराष्ट्र चिनको ग्वान्जाओमा उडान संचालन गर्दैछ । चिनले सन् २०२५ मा नेपाललाई घुम्नका लागि गन्तव्य मुलुक घोषणा गरेकोमा नेपाल वायुसेवाको उडानले यसलाई थप टेवा पुऱ्याउने आशा गर्न सकिन्छ ।

२०८२ भाद्र २३ र २४ मा जेन जीले गरेको आन्दोलनका दौरानमा निगमको प्रधान कार्यालयमा समेत तोडफोड भई आर्थिक, भौतिक तथा कागजातमा क्षति तथा नष्ट भएको र सोही कारणले सम्बन्धित विभागबाट आकाश भैरवमा प्रकाशित गरिदै आएको यात्रु, कार्गो तथा त्यससँग सम्बन्धित अन्य तथ्याङ्क उपलब्ध हुन नसकेकोले नियमित रूपमा ८ पेजमा छापिदै आएको आकाश भैरव द्वैमासिक पत्रिकाको यो अङ्कको निरन्तरतास्वरूप जम्मा ४ पेजमा मात्र छाप्नु वाञ्छनीय देखिएकोले सोहीअनुसार प्रकाशन गरिएको पाठकवृन्दमा जानकारी गराउँदछौं ।

नागरिकलाई सेवा दिनुपर्ने राज्यको दायित्व पूरा गर्न निगमले व्यवसायिक प्रतिफल मात्र नहेरेर दुर्गम तथा अत्यावश्यक समय तथा स्थानहरूमा राज्यको उद्देश्यअनुरूप हवाई सेवा प्रदान गर्दै आएको छ । राष्ट्रिय ध्वजा फहराउँदै यस वर्षको विजयादशमी, दिपावली तथा छठ पर्वले हाम्रा यात्रुमहानुभावहरु लगायत सम्पूर्ण नेपालीका मनहरूलाई जोड्न निगम सदैव तल्लीन रहेको छ । सम्पूर्ण देशबासी तथा कामका सिलसिलामा देश बाहिर रहनुभएका नेपालीहरूलाई विजयादशमी, शुभदीपावली, नेपाल सम्वत् र छठ पर्वको शुभकामना व्यक्त गर्दछौं ।



निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीद्वारा निगमका वरिष्ठ क्याप्टेन आर. के. शेरचनलाई अवकाशपछि विदाइ गर्दै साथमा निर्देशकहरु

## सम्पादक मण्डल

प्रधान सम्पादक : अनिल घिमिरे
कार्यकारी सम्पादक : दिक्पाल सुवेदी
सम्पादक : कल्पना काफ्ले
: पूजा अधिकारी
: नितु थापा

विभागीय प्रतिनिधिहरू : गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स
नुमानन्द गौतम, यात्रुसेवा
छायाँ गुरूङ, आन्तरिक लेखा परीक्षण
प्रकाश अधिकारी, ग्राउण्ड सपोर्ट
प्रभा पोखरेल, मानव संशाधन
उदय खत्री, कन्टिन्यूइङ्ग एयर वर्दिनेश मेनेजमेन्ट
रञ्जना पोखरेल, बजार व्यवस्थापन
दामोदर भट्टराई, सा. से. तथा सं. व्यवस्थापन
राजन घिमिरे, अर्थ
राजकुमारी के.सी., अपरेशन्स
सञ्जय कुमार देव, क्वालिटी एस्योरेन्स

प्रकाशक : बाह्य, जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा संस्थागत विभाग
नेपाल वायुसेवा निगम
www.nepalairlines.com.np

फोटो सल्लाहकार : हरि गोपाल प्रधान

# सामाजिक उत्तरदायित्व अन्तर्गत अर्बुद रोगका बिरामीलाई निगमको सहयोग

नेपाल वायुसेवा निगमले आफ्नो हवाइसेवा मार्फत क्यान्सर रोगको उपचारका लागि काठमाडौं दिल्ली काठमाडौं आवत-जावत गर्ने विरामी र विरामीका कुरूवालाई सामाजिक उत्तरदायित्व अन्तर्गत टिकट उपलब्ध गराउँदै आएको छ । Cancer Relief Society को सिफारिसमा नेपाल वायुसेवा निगमले क्यान्सरका विरामीलाई प्रथम दोश्रो र तेश्रो चरणमा गरेर १००, ५० र २५ प्रतिशत छुटमा टिकट उपलब्ध गराउँदै आएको छ । यसै अन्तर्गत निगमको केन्द्रीय कार्यालयको अन्तर्राष्ट्रिय बिक्रीकक्षवाट प्राप्त तथ्याङ्क अनुसार उक्त टिकट २०८२ असार महिनामा ६३ जना विरामी र ६० जना विरामीका कुरूवाले तथा श्रावण महिनामा ६६ जना विरामी र ६३ जना विरामीका कुरूवाले छुटको सुविधा लिएका थिए ।

## निगमले असोज महिनादेखि चीनको ग्वान्जाओमा सीधा उडान गर्ने

निगमले आफ्ना गन्तव्यहरु विस्तार गर्ने क्रममा ग्वान्जाओमा २५ सेप्टेम्बर २०२५ बाट काठमाडौं ग्वान्जाओ काठमाडौं सीधा उडानको तयारी गरेको छ । यस रूटमा निगमले आफ्नो प्रबर्द्धनात्मक उडानसहित नियमित सेड्युल उडान गर्न गइरहेको छ । यसका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कार्यको सम्पूर्ण तयारी पूरा भइसकेको छ ।

## नेपाल-हङकङ उडानको ४३ औं वर्षगाँठको उपलक्ष्यमा कार्यक्रम सम्पन्न




नेपाल-हङकङ उडानको ४३ औं वर्षगाँठको उपलक्ष्यमा अगस्ट १ मा भव्यरूपमा कार्यक्रम आयोजना भएको थियो । निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारी, निगमका बजार व्यवस्थापन विभागका निर्देशक टंकनिधि दाहाल र सिनियर क्याप्टेन विजय लामाको समुपस्थितिमा हङकङमा उक्त कार्यक्रम सम्पन्न भएको थियो । निगमको उडान सेवा विस्तार, बजार सुदृढीकरण, कार्गो तथा यात्रु सेवा सुधार र स्थानीय सरोकारवालासँग प्रत्यक्ष छलफल गर्न औपचारिक रुपमा स्वीकृत योजनाअनुसार कार्यक्रम तय गरिएको थियो । उक्त कार्यक्रममा कार्गो ट्र्याकिङ्ग सिस्टम, उडान ढिलाइ तथा रद्द हुने समस्या समाधान गर्ने, वाइडबडी जहाजको प्रभावकारी प्रयोग गर्ने विषयमा हङकङस्थित सरोकारवाला ट्राभल एजेन्सी तथा नेपाली समुदायसँग प्रत्यक्ष छलफल भएको थियो । उक्त कार्यक्रम बजार वृद्धि गराउन तथा जनगुनासोको सम्बोधन गरी व्यावसायिक आवश्यकता पूरा गर्न केन्द्रित रहेको थियो । नेपाल-हङकङ उडानको ४३ औं वर्षगाँठको उपलक्ष्यमा सम्पन्न भएको उक्त कार्यक्रम "हङकङ-नेपाल उडान राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमबाट गरौँ" भन्ने नाराका साथ भव्यरूपमा समापन गरिएको थियो ।

## निगम र होटल रोयल टुलिपबीच भएको साझेदारी सम्झौता

नेपाल वायुसेवा निगमले (NAC) Boarding Pass Privilege कार्यक्रम अन्तर्गत ललितपुरको ग्वार्कोमा अवस्थित होटल रोयल टुलिप काठमाडौंसँग साझेदारी सम्झौता गरेको छ, जसअनुसार रोयल टुलिप काठमाडौंले NAC को Merchant Partner को रूपमा सहकार्य गर्नेछ । नेपाल वायुसेवा निगम र होटल रोयल टुलिप काठमाडौं बीच निगमको कर्मचारीहरू तथा निगमबाट यात्रा गर्ने यात्रुहरूलाई उक्त होटलको सेवामा छुट दिने गरी २४ अगष्ट २०२५ मा (MoU) सहमति पत्रमा हस्ताक्षर भएको हो । सहमति बमोजिम निगमका कर्मचारीहरूले आफ्नो वैधानिक परिचय पत्र देखाएर तथा यात्रुहरूले आफूले यात्रा गरेको एक महिनाभित्रको बोर्डिङ पास देखाएर खाना तथा पेय पदार्थमा उक्त रेष्टुरेण्टको २५% छुट सेवा प्राप्त गर्ने सम्झौता रहेको छ ।

यात्रु वर्गको जानकारी तथा उक्त सेवा लिई यात्रुगण लाभान्वित हुने उद्देश्यले निगम तथा होटल रोयल टुलिप दुवै पक्षले आ-आफ्नो वेबसाइट, निगमको Inflight Magine तथा अन्य सम्भव माध्यमबाट प्रवर्द्धन गरिने समझदारी भएको छ । यस आपसी साझेदारीको माध्यमले निगमलाई आफ्नो सेवा तथा व्यवसायको प्रवर्द्धन गर्न सहज हुने विशस लिइएको छ ।

## विभागीय समाचार

### मानव संशाधन विभाग

#### असार, २०८२

**राजिनामा**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री रविना ढुंगेल | ५ | विमान परिचारिका |
| २ | श्री कृति थापा | ५ | विमान परिचारिका |

**अवकाश**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री रमला मानन्धर | ६ | प्राविधिक अधिकृत |

#### श्रावण, २०८२

**राजिनामा**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री श्रवण रिजाल | ९ | बरिष्ठ कप्तान |
| २ | श्री नरेन्द्र राई | ६ | अधिकृत |

**अवकाश**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री रविन्द्र कुमार शेरचन | १० | निर्देशक |

## Internal Audit Department

**Following task were Conducted during Shrawan-Bhadra 2082.**

1. Physical Verification of Engineering Department is Currently in Progress
2. Physical Verification of The Ground Support Department is Currently in Progress
3. Physical Verification of The General Service & Property Management Department Conducted.
4. Audit of Bangkok Station Conducted.
5. Audit of Hongkong Station Conducted.

## Ground Support Department

### Major Achievement of Shrawan-Bhadra 2082

- DEL Station मा Cargo Agreement नवीकरणको प्रकृया अगाडि बढाइएको ।
- DEL, BKK Station मा Ground Handling agreement नवीकरणको प्रक्रिया अगाडि बढाइएको ।
- Cathay Pacific Airways को Engine Replace को लागि आवश्यक समन्वय गरिएको ।
- DEL, BOM & BLR Station मा Security Agreement नवीकरण गरिएको ।
- NAC-GSP को Requirement अनुसार GOM-1 amendment गरिएको ।
- ISAGO Audit प्रमाण पत्र 2026 को नवीकरण गर्नका लागि, IATA सँग Agreement गरी सन 2026 November 9 देखि Ground Handling Services को अडिट सम्पन्न गर्नका लागि मिति तय भएको ।

## Operations Department

### Performance Report of Flights from Kathmandu

**for the month of Ashad & Shrawan 2082**

| Fleet/ Month | 9N-AKW | | 9N-AKX | | 9N-ALY | | 9N-ALZ | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Flight Performance% | Ashad | Shrawan | Ashad | Shrawan | Ashad | Shrawan | Ashad | Shrawan | Ashad | Shrawan |
| Reliability | 97.78% | 97.83% | 97.96% | 100.00% | 97.62% | 100.00% | 100.00% | 100.00% | 98.34% | 99.46% |
| Punctuality | 56.82% | 55.56% | 66.67% | 53.13% | 56.10% | 53.19% | 55.17% | 48.15% | 58.69% | 52.51% |

## Nepal Airlines Corporation

### Ground Support Department, Cleaning Section

### LOST AND FOUND RECORD SUMMARY

| S.N. | Year Months | | Found Materials/Goods (in Frequency) | | | | | | | | Tot. pcs. | HOV to Airlines | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Mob | Cam | Mny | ipd/Laptop | PP | Gld | Note | Elx | | Staff | Crew | Police/security | Paxs | |
| 1 | 2082 | SHRAWAN | 5 | 0 | 9 | 3 | 0 | 0 | 0 | 29 | 46 | 28 | 12 | 6 | | |
| 2 | 2082 | BHADRA | 5 | 0 | 5 | 0 | 0 | 2 | 0 | 12 | 24 | 12 | 6 | 6 | | |
| | | | 10 | 0 | 14 | 3 | 0 | 2 | 0 | 41 | 70 | 40 | 18 | 12 | | |
| Total | | | | | | | | | | | | | | | | |

**नोट**: उपयुक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमानस्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छाडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले सम्बन्धित ठाँउमा बुझाएका सामानहरूको विवरण हो ।

**Details**

Mob : Mobiles
Cam: Different types of movie and still camera/watch.
Mny : Money and wallets
ipd : i-phone, i-pod, i-pad, tablets, Laptop etc.
Gld : Gold and ornaments
Elx : Other electronic appliances/items, games, pendrives, Power Bank etc.
Hov : Handed over to the related airlines (staff, crew, passengers)
PP : Passport

## DUTY ROSTER OF NAC CLINIC DOCTORS

**Effective from 27th March 2025**

| S.N. | NAME OF DOCTORS | SUNDAY | MONDAY | TUESDAY | WEDNESDAY | THURSDAY | FRIDAY |
|---|---|---|---|---|---|---|---|
| 1. | **Dr. SUBODH KUMAR ADHIKARI**<br>Senior Surgeon<br>NMC : 1095<br>Mobile No. 9851037056 | | 12:00-13:00 | 12:00-13:00 | 12:00-13:00 | | |
| 2. | **Dr. RANJEET S. BARAL**<br>Consultant Cardiologist/AME & General Physician<br>NMC: 1516<br>Mobile No. 9851053577 | 14:00-15:00 | 14:00-15:00 | | | 16:00-17:00 | |
| 3. | **Dr. NANDITA GHIMIREY**<br>Family Medicine<br>NMC: 2784<br>Mobile No. 9841777677 | | 15:00-16:00 | 15:00-16:00 | 15:00-16:00 | | |
| 4. | **Dr. KAVITA ADHIKARI**<br>Consultant Gynecologist<br>NMC: 3679<br>Mobile No. 9851176411 | 15:00-16:00 | | 14:00-15:00 | 14:00-15:00 | | |
| 5. | **Dr. LOCHAN KARKI**<br>Consultant Physician<br>NMC: 4687<br>Mobile No. 9851056689 | | | 16:00-17:00 | | 15:00-16:00 | 13:00-14:00 |
| 6. | **Dr. GYANENDRA SHAH**<br>Senior Consultant, Orthopedic Surgeo<br>NMC: 4723<br>Mobile No. 9851029425 | | 13:00-14:00 | | | 13:00-14:00 | 12:00-13:00 |
| 7. | **Dr. BISHWA RAJ DAWADI**<br>Consultant Family Physician<br>NMC: 4996<br>Mobile No. 9841226322 | 13:00-14:00 | | 13:00-14:00 | 13:00-14:00 | | |
| 8. | **Dr. SHIVAJI BIKRAM SILWAL**<br>Consultant Cardiologist<br>NMC: 6335<br>Mobile No. 9801022997 | 16:00-17:00 | | | 16:00-17:00 | | 14:00-15:00 |
| 9. | **Dr.ASMITA ARYAL**<br>Consultant, General Practice and Emergency Medicine<br>NMC: 23121<br>Mobile No.9849512493 | 11:00-12:00 | | 11:00-12:00 | 11:00-12:00 | | |